# शैल्यशिखर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## गोकुलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल


पत्र संख्या:-२०७९/०८०                                                                 मिति: २०७९/०४/२०

चलानी नं.:-

**विद्यालय शिक्षालाई व्यवस्थित, र गुणस्तरीय बनाउने सम्बन्धी शैल्यशिखर नगरपालिका दार्चुलाको सन्देश !**

- नियमित शिक्षक, नियमित विद्यार्थी, नियमित शिक्षण, नियमित मूल्याङ्कन, नियमित पृष्ठपोषण, नियमित सुधारको अपेक्षाको लागि विद्यालय व्यवस्थापन समितिले सक्रिय भूमिका निर्वाह गर्ने ।
- नियमित रुपमा विद्यालयको सुपरिवेक्षण गर्ने कार्यको प्रमुख निकाय विद्यालय व्यवस्थापन समिति र प्रमुख सुपरिवेक्षक विद्यालयको प्रधानाध्यापक भएकोले सोही अनुसार गर्ने व्यवस्था मिलाउने ।
- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण निर्देशिका, विशिष्टिकरण तालिका, मूल्याङ्कन प्रणाली, सुधारात्मक शिक्षण, रुब्रिक्स तथा शिक्षक सक्षमताका आधारभूत पक्षको जानकारी लिएर मात्र शिक्षण कार्यमा सरिक हुन शिक्षकलाई जागरुक भए नभएको हेर्ने प्रमुख जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको भएकोले सोको जिम्मेवारी वहन गर्ने तथा शिक्षक स्वयमले उल्लिखित पक्षको आत्मानुभूति गर्ने ।
- नवप्रवेशी, अनुभवी, दक्ष र विज्ञ शिक्षकले प्रदर्शन गर्नुपर्ने व्यवहार नदेखाउने शिक्षकलाई नियमानुसार सचेत गराउने ।
- Evaluation for learnong not evaluation of learning (सिकाइको मूल्याङ्कन नभई सिकाइका लागि मूल्याङ्कन भन्ने अवधारणासँग शिक्षकको दृष्टिकोण मिल्नु पर्दछ भन्ने हेक्का राख्ने) ।
- एक्काइसौं शताब्दीको शिक्षकमा आफूले अध्ययन गर्नुपर्ने विषयमा ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्यसम्पादन गर्न सक्ने तत्परता जस्ता पक्षहरुको विकास हुनुपर्छ भन्ने कुराको आत्मज्ञान र आत्मबोध गर्ने ।
- सूचना र ज्ञानमा आधारित समयको अधिकतम सदुपयोग गर्न शिक्षणलाई प्रविधिसँग आबद्ध गर्नुपर्ने विषयबाट कुनै पनि शिक्षक विमुख हुन पाइदैन ।
- शिक्षकले पढाउने र विद्यार्थीले पढ्ने जमानाको अन्त्य भइसकेको परिप्रेक्ष्यमा शिक्षकले सिकाउने र विद्यार्थीले सिक्ने प्रचलनको थालनी अवलम्बन गर्नुका अतिरिक्त पढ्दै कमाउदै प्रथाको प्रयोग गर्ने गराउने ।
- प्रचलित ऐन कानूनको अक्षरशः पालना गर्ने गराउने, अनावश्यक बाहेक प्र.अ./शिक्षक विद्यालय बाहिर (अनुपस्थित) रहने कार्य दण्डनीय हुने कुराको हेक्का राख्ने ।
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्दा सिकाइ उपलब्धि, शिक्षकको अनुशासन, सामाजिक व्यवहार, निष्पक्षता र कार्यकुशलतालाई प्रमुख मापदण्ड बनाउने ।
- प्र.अ./शिक्षकहरु विद्यालय भवन माग गर्दै भौंतारिने अवस्थाको अन्त्य गर्न सोको व्यवस्था वि.व्य.स. ले गर्ने ।

(सुरेन्द्रबहादुर बिष्ट)

प्रमुख प्रशासकीय अधिकृत